# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| खण्ड १ | संख्या १४ | मितिः २०७६/०९/२८ |
|---|---|---|

भाग-१

## भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५(पहिलो संशोधन)

## भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका सहकारी (प्रथम संशोधन) ऐन, २०७६

नगर सभाबाट पारित मितिः २०७६/९/१३
प्रमाणिकरण मितिः २०७६/९/२८

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम "भरतपुर महानगरपालिकाको सहकारी (प्रथम संशोधन) ऐन, २०७६ रहेको छ।

२. ऐनको दफा २(ड) दुइवटा भएकोमा पछिल्लोलाई (ड१) गरिएको छ : (ड१) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

३. ऐनको दफा २ को (म) पछि देहायको (य) थप गरिएको छ : (य) "सहकारी अधिकृत" भन्नाले सहकारी तथा रोजगार प्रवर्द्धन शाखामा कामकाज गर्ने अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्दछ ।

४. ऐनको दफा ३ मा उपदफा (८) थप गरिएको छ : (८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि भरतपुर महानगरपालिका भित्र व्यावसायिकरूपमा केरा उत्पादन, रेशम उत्पादन, तरकारी तथा फलफूल उत्पादन, च्याउ उत्पादन, माछा उत्पादन, कुखुरापालन, पशुपालन, मौरीपालन गर्ने तीस जना व्यावसायीहरुले व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि राखी सहकारी संस्था दर्ताको लागि आवेदन गरेमा आवेदकहरूले माग गरेको वडा क्षेत्र समेटी विषयगत सहकारी संस्था गठन गर्न सक्नेछन ।

५. ऐनको दफा ९(१) को (ख) पछि देहायको (ग) थप गरिएको छ : (ग) दफा ३(८) अनुसार दर्ता हुने संस्थाको हकमा उनान्तीस (२९) वडा सम्म ।

६. ऐनको दफा ९मा उपदफा ७ थप गरिएको छ : (७) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यावसायिक सेवा प्रारम्भ गरेको एक बर्ष पछि संस्थाको साविक कार्यक्षेत्रको कुनै भाग सँग जोडिने गरी महानगरपालिकाको जोडिएको चारवटा वडा क्षेत्र सम्म संस्थाको माग अनुसार कार्यक्षेत्र बिस्तार स्वीकृत गरिनेछ ।

७. ऐनको दफा ११(१)ख लाई देहाय बमोजिम हुने गरी बचत तथा ऋण शब्द झिकिएको छ : ११(१)ख उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, उर्जा, स्वास्थ्य, शिक्षा र सहकारी विद्यालय व्यवस्था विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था;

८. ऐनको दफा ११(१) को (घ) पछि देहायको (ङ) थप गरिएको छः (ङ) वित्तीय संस्थाः बचत तथा ऋणको मात्र कारोवार गर्ने संस्था ।

९. ऐनको दफा ३४ मा उपदफा ५ थप गरिएको छ : (५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि दुई वा दुईभन्दा बढी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको जिम्वेवारीमा रहेका पदाधिकारी पछिल्लो पटक निर्वाचित संस्थाको पदाधिकारीबाट स्वतः पदमुक्त भएको मानिनेछ ।

१०. ऐनको दफा ३७ मा उपदफा ३ थप गरिएको छ : (३) सम्बन्धित् संस्थाको सदस्यता लिएको कम्तिमा तिन बर्ष पूरा भएको,

तर प्रारम्भिक साधारणसभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको हकमा यो उपदफा लागू हुने छैन ।

११. ऐनको दफा ८१ मा उपदफा १ को खण्ड (च) लाई देहाय बमोजिम संशोधन गरिएको छ : (च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणा भन्दा बढी हुनेगरी बचत संकलन गरेमा,

प्रमुख